# स्थानीय राजपत्र

## बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-१० सङ्ख्या-१ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०८३/०५/३०

## भाग-२

**बलेफी गाउँपालिका**

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### बलेफी गाउँपालिकाको विशेष अनुदान कार्यन्वयन कार्यविधि, २०८३

**प्रस्तावना**ः नेपालको संविधानले कृषि क्षेत्रको विकास, उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा, रोजगारी सिर्जना तथा कृषकको जीवनस्तर सुधारलाई महत्वपूर्ण विषयका रूपमा लिएको छ। कृषि क्षेत्रमा बढ्दै गएको श्रम अभाव, उत्पादन लागत वृद्धि, परम्परागत कृषि प्रणालीमा निर्भरता, कृषि कार्यमा लाग्ने समय तथा श्रमको अधिकता र आधुनिक कृषि प्रविधिमा कृषकको सीमित पहुँचका कारण कृषि यान्त्रीकरणको आवश्यकता बढ्दै गएको छ।

कृषि क्षेत्रमा आधुनिक यन्त्र तथा उपकरणको प्रयोग बढाई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, उत्पादन लागत घटाउने, कृषि कार्यमा लाग्ने श्रम तथा समय बचत गर्ने, कृषकको आयआर्जन वृद्धि गर्ने तथा जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले विशेष अनुदानबाट प्राप्त रकमको प्रभावकारी, पारदर्शी, समतामूलक तथा

परिणाममुखी उपयोग गर्न आवश्यक भएकोले विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ को उपदफा २ बमोजिम तथा प्रचलित कानूनको अधीनमा रही बलेफी गाउँपालिकाले **"बलेफी गाउँपालिकाको विशेष अनुदान कार्यन्वयन कार्यविधि, २०८३"** कार्यविधि जारी गरेको छ।

## परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"बलेफी गाउँपालिकाको विशेष अनुदान कार्यन्वयन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो कार्यविधि बलेफी गाउँपालिका अन्तर्गतको विशेष अनुदानबाट सञ्चालन हुने **"कृषि उपकरण तथा यान्त्रीकरण मार्फत उत्पादन र उत्पादकत्त्व वृद्धि गरी जीविकोपार्जन सुधार कार्यक्रम"** को लागि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **"गाउँपालिका"** भन्नाले बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ख) **"कार्यालय"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ग) **"कार्यक्रम"** भन्नाले यस कार्यविधिअन्तर्गत सञ्चालन हुने **कृषि उपकरण तथा यान्त्रीकरणमार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी जीविकोपार्जन सुधार कार्यक्रम** सम्झनुपर्छ।

(घ) **"कृषक"** भन्नाले गाउँपालिकाभित्र कृषि पेशा वा कृषि व्यवसायमा संलग्न व्यक्ति सम्झनुपर्छ।

(ङ) **"कृषक समूह"** भन्नाले प्रचलित कानूनबमोजिम गठन/दर्ता भई गाउँपालिकामा सूचीकृत कृषक समूह सम्झनुपर्छ।

(च) **"महिला समूह"** भन्नाले कृषि क्षेत्रमा कार्यरत महिला सदस्यहरू सम्मिलित तथा प्रचलित कानूनबमोजिम गठन/दर्ता वा गाउँपालिकामा सूचीकृत समूह सम्झनुपर्छ।

(छ) **"कृषि सहकारी"** भन्नाले प्रचलित सहकारी कानूनबमोजिम दर्ता भई कृषि क्षेत्रमा कार्यरत सहकारी संस्था सम्झनुपर्छ।

(ज) **"कृषि उद्यमी/फर्म"** भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भई कृषि उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण वा कृषि व्यवसायमा संलग्न उद्यमी वा फर्म सम्झनुपर्छ।

(झ) **“कृषि यन्त्र तथा उपकरण”** भन्नाले कृषि उत्पादन, खेतीपाती, बाली संरक्षण, कटानी, चुटानी, प्रशोधन, सिँचाइ, भण्डारण तथा कृषि कार्यमा प्रयोग हुने यान्त्रिक उपकरण सम्झनुपर्छ।

(ञ) **“अनुदानग्राही”** भन्नाले यस कार्यविधिबमोजिम पचास प्रतिशत अनुदानमा कृषि यन्त्र तथा उपकरण प्राप्त गर्ने कृषक, कृषक समूह, महिला समूह, कृषि सहकारी, कृषि उद्यमी वा कृषि फर्म सम्झनुपर्छ।

(ट) **“अनुदान”** भन्नाले स्वीकृत कृषि यन्त्र तथा उपकरणको लागतको पचास प्रतिशतसम्म गाउँपालिकाले व्यहोर्ने रकम सम्झनुपर्छ।

## परिच्छेद–२

### कार्यक्रमको उद्देश्य

**३. मुख्य उद्देश्यः**

कृषि यन्त्र तथा उपकरणको प्रयोगमार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषकको आयआर्जन तथा जीविकोपार्जनमा सुधार गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हुनेछ।

**४. विशिष्ट उद्देश्यः**

कार्यक्रमका विशिष्ट उद्देश्य देहायबमोजिम हुनेछन् ।

(क) कृषि क्षेत्रमा आधुनिक प्रविधि तथा यान्त्रीकरणको प्रयोग विस्तार गर्ने।

(ख) कृषि उत्पादनको लागत घटाउने।

(ग) कृषि कार्यमा लाग्ने श्रम तथा समय घटाउने।

(घ) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

(ङ) कृषि क्षेत्रमा महिला तथा युवाको सहभागिता बढाउने।

(च) साना तथा सीमान्त कृषकको कृषि यन्त्रमा पहुँच बढाउने।

(छ) कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणमा यान्त्रीकरणको प्रयोग बढाउने।

(ज) कृषकको आय तथा स्वरोजगारी वृद्धि गर्ने।

(झ) कृषि क्षेत्रलाई व्यवसायीकरण तथा आधुनिकीकरणतर्फ उन्मुख गराउने।

## परिच्छेद–३

### बजेट तथा अनुदानसम्बन्धी व्यवस्था

**५. कार्यक्रमको कुल बजेटः**

(१) यस कार्यक्रमका लागि **कुल बजेट रु. १,८०,००,०००।– (अक्षरेपी एक करोड असी लाख रुपैयाँ मात्र)** हुनेछ।

(२) उपदफा (१) बमोजिमको रकम विशेष अनुदानबाट प्राप्त रकमको स्वीकृत सीमा तथा गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रमअनुसार खर्च गरिनेछ।

(३) कार्यक्रमको प्रशासनिक तथा अन्य खर्च प्रचलित कानून र स्वीकृत बजेटको अधीनमा रही व्यवस्थापन गरिनेछ।

(४) स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभन्दा बढी दायित्व सिर्जना हुने गरी अनुदान प्रदान गरिने छैन।

**६. अनुदानको प्रतिशतः**

(१) यस कार्यक्रमअन्तर्गत छनोट भएका लाभग्राहीलाई स्वीकृत कृषि यन्त्र तथा उपकरणको लागतको पचास प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ।

(२) बाँकी पचास प्रतिशत रकम सम्बन्धित लाभग्राहीले स्वयं व्यहोर्नुपर्नेछ।

(३) लाभग्राहीले आफ्नो योगदान रकम भुक्तानी गरेको प्रमाण पेश गर्नुपर्नेछ।

**७. अनुदान प्राप्त गर्न सक्ने लाभग्राहीः**

यस कार्यक्रमअन्तर्गत देहायका लाभग्राहीले अनुदान प्राप्त गर्न सक्नेछन्–

(१)व्यक्तिगत कृषक, कृषक समूह, कृषि क्षेत्रमा कार्यरत महिला समूह, कृषि सहकारी संस्था, कृषि फर्म/उद्यमी।

**८. एक लाभग्राहीले एक मात्र यन्त्र/उपकरण माग गर्न पाउनेः**

(१) यस कार्यक्रमअन्तर्गत प्रत्येक लाभग्राहीले आफ्नो आवश्यकता र कृषि कार्यको प्रकृतिका आधारमा एउटा मात्र कृषि यन्त्र वा उपकरणका लागि आवेदन दिन पाउनेछ।

(२) कुनै पनि लाभग्राहीले एउटै आवेदन वा छुट्टाछुट्टै आवेदनमार्फत एकभन्दा बढी कृषि यन्त्र वा उपकरणका लागि आवेदन दिन पाउने छैन।

(३) उपदफा (२) विपरीत एउटै व्यक्ति, कृषक समूह, महिला समूह, कृषि सहकारी, कृषि उद्यमी वा फर्मले एकभन्दा बढी यन्त्र/उपकरणका लागि आवेदन दिएको पाइएमा त्यस्तो आवेदकको सबै आवेदन रद्द गर्न सकिनेछ।

(४) एउटै व्यक्ति कुनै कृषक समूह, सहकारी, फर्म वा अन्य संस्थाको सदस्य/सञ्चालक/प्रोप्राइटर भएको कारणबाट व्यक्तिगत र संस्थागत दुवै रूपमा एउटै कार्यक्रमबाट अनुदान लिन पाउने छैन।

(५) एउटै परिवारका सदस्यहरू वा एउटै व्यवस्थापन/स्वामित्वमा रहेका फरक संस्था वा फर्ममार्फत कार्यक्रमको उद्देश्यविपरीत अनुदान दोहोरो रूपमा लिन खोजेको पाइएमा त्यस्ता आवेदनसमेत रद्द गर्न सकिनेछ।

(६) यस दफाको उद्देश्य कार्यक्रमको बजेट सीमाभित्र अधिकतम कृषक/लाभग्राहीलाई कृषि यन्त्रमा पहुँच पुऱ्याउने र अनुदानको समानुपातिक तथा न्यायोचित वितरण गर्ने हुनेछ।

## परिच्छेद–४

## कृषि यन्त्र तथा उपकरण

**९. अनुदान उपलब्ध गराउन सकिने यन्त्र तथा उपकरणः**

कार्यक्रमको उद्देश्य, स्थानीय आवश्यकता र स्वीकृत बजेटको आधारमा देहायका कृषि यन्त्र तथा उपकरणमा पचास प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ–

१) डिजेल र पेट्रोल मिनीटिलर

२) स्प्रे तथा पम्प

३) मकैको बीउ छर्ने मेसिन

४) मकै छोडाउने मेसिन

५) च्याफ कटर

६) कम्बाइन मिल (Combined Rice Mill)

७) कोदो चुट्ने मेसिन (समूह तथा सहकारी मार्फत)

८) अन्य थ्रेसर मेसिन (समूह तथा सहकारी मार्फत)

९) अन्य कृषि यन्त्र तथा उपकरणको हकमा, मागको आधारमा मनासिव देखिए छनौट गरिने।

## परिच्छेद–५

## आवेदन तथा सूचना प्रकाशन

**१०. आवेदन आह्वानः**

(१) कार्यालयले कार्यक्रमका लागि सार्वजनिक सूचना प्रकाशन गरी आवेदन आह्वान गर्नेछ।

(२) आवेदनका लागि कम्तीमा २१ दिन अर्थात कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोके बमोजिमको नियमानुसार प्रक्रिया पु-याई अनुसूची -१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

(३) सूचना गाउँपालिकाको वेबसाइट, सूचना पाटी, वडा कार्यालय, सामाजिक सञ्जाल तथा आवश्यकताअनुसार स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गरिनेछ।

(४) सूचनामा देहायका विषय स्पष्ट रूपमा उल्लेख गरिनेछ–

(क) कार्यक्रमको नाम,

(ख) अनुदान प्रतिशत पचास,

(ग) लक्षित लाभग्राही,

(घ) उपलब्ध यन्त्र तथा उपकरण,

(ङ) एक लाभग्राहीले एक मात्र यन्त्र/उपकरण माग गर्न पाउने व्यवस्था,

(च) आवेदन दिने अन्तिम मिति,

(छ) आवश्यक कागजात,

(ज) अन्य आवश्यक विषय।

(५)प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसायसँग सम्बन्धित कृषक , कृषि सहकारी / कृषक समूह / निजी फार्म/कृषक उद्यमी ले अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची -३ बमोजिम प्रतिवद्धता पत्र पेश गर्नु पर्नेछ । साथै प्रस्ताव पेश गर्दा आवश्यक मेसिनरी औजारको प्रकृती खुलाएको हुनुपर्ने (जस्तैः मिनीटिलरको हकमा, डिजेल तथा पेट्रोल र हर्षपावर)।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्ताव पेश गर्नुपर्ने अवधिभरमा आवश्यक प्रस्ताव तथा आवेदन पर्न नआएमा म्याद थप गरि सूचना पुनः प्रकाशन गर्न बाधा पर्ने छैन ।

(७) कार्यालयलेकार्यक्रम सञ्चालनको लागि प्रशासनिक खर्च व्यवस्थापनमा पाँच प्रतिशत र कन्टेन्जेन्सी मार्फत तिन प्रतिशत रकम खर्च गर्न सकिनेछ।

**११. आवेदनका लागि आवश्यक कागजातः**

**(क) व्यक्तिगत कृषक**

१. निवेदन

२. नेपाली नागरिकताको प्रतिलिपि

३. जग्गाधनी प्रमाणपत्र (कम्तीमा २ रो.) वा जग्गा भाडामा लिएको भए सम्झौता (कम्तीमा १० वर्षको)

४. सम्बन्धित वडा कार्यालयको सिफारिस

५. कृषि व्यवसाय/फर्म दर्ता प्रमाणपत्र, भएमा

६. अन्य आवश्यक कागजात।

**(ख) कृषक समूह/महिला समूहको हकमा,**

१. समूह दर्ता प्रमाणपत्र

२. समूहको निवेदन र निर्णयको प्रतिलिपि

३. सदस्यहरूको विवरण

४. स्थायी लेखा नम्बर (PAN) र करचुक्ता प्रमाणपत्र को प्रतिलिपि,

५. बैंक खाता विवरण, भएमा

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

**(ग) कृषि सहकारी**

१. सहकारी दर्ता प्रमाणपत्र

२. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि

३. लेखापरीक्षण प्रतिवेदन

४. कर चुक्ता प्रमाणपत्र/प्रचलित कानूनबमोजिम आवश्यक प्रमाण

५. सञ्चालक समितिको निर्णय

६. बैंक खाता विवरण, भएमा

७. कृषि क्षेत्रमा सहकारीको कार्य विवरण।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस

**(ङ) कृषि उद्यमी/फर्म**

१. फर्म दर्ता प्रमाणपत्र

२. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि

३. कर चुक्ता प्रमाणपत्र वा प्रचलित कानूनबमोजिमको प्रमाण

४. सञ्चालक/प्रोप्राइटरको नागरिकता

५. कृषि व्यवसाय सञ्चालनको प्रमाण

६. बैंक खाता विवरण, भएमा

७. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

## परिच्छेद–६

### लाभग्राही छनोट

**१२. लाभग्राही छनोट समितिः**

लाभग्राही छनोटका लागि देहायबमोजिमको समिति रहनेछ–

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) पूर्वाधार विकास शाखा प्रमुख — सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(घ) सामाजिक विकास शाखा प्रमुख — सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी/कृषि विकास शाखा प्रमुख — सदस्य सचिव

आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

**१३. लाभग्राही छनोटका आधारः**

लाभग्राही छनौट गर्दा देहायबमोजिम अधिकतम १०० अंक कायम गरिनेछ–

(१) लाभग्राही छनौट गर्दा अनुसूची — ४ बमोजिमको आधार तय गरि गरिनेछ।

(२) छनोट समितिले आवश्यक प्रमाणका आधारमा मूल्याङ्कन गरी प्राथमिकताक्रम तयार गर्नेछ।

(३) समान अंक प्राप्त भएमा महिला, युवा, सीमान्त तथा विपन्न कृषकलाई प्राथमिकता दिन सकिनेछ।

**१४. लाभग्राही छनोटमा प्राथमिकताः**

देहायका लाभग्राहीलाई प्राथमिकता दिन सकिनेछ–

(क) साना तथा सीमान्त कृषक,

(ख) महिला कृषक तथा महिला समूह,

(ग) कृषि क्षेत्रमा कार्यरत युवा,

(घ) कृषि व्यवसायमा नयाँ उद्यमी,

(ङ) कृषि उत्पादनको सम्भावना उच्च भएका कृषक,

(च) कृषि यन्त्रको वास्तविक आवश्यकता भएका कृषक,

(छ) कृषि यन्त्रबाट उत्पादन तथा उत्पादकत्व उल्लेख्य रूपमा बढाउन सक्ने कृषक।

## परिच्छेद–७

## खरिद तथा वितरण

**१५. यन्त्र खरिद प्रक्रिया:**

(१) कृषि यन्त्र तथा उपकरण खरिद गर्दा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानूनको पूर्ण पालना गरिनेछ।

(२) यन्त्र तथा उपकरणको गुणस्तर, क्षमता, मूल्य, वारेन्टी, स्पेयर पार्ट्स तथा बिक्रीपछिको सेवाको समेत मूल्याङ्कन गरिनेछ।

(३) आवश्यकता अनुसार यन्त्रको प्राविधिक स्पेसिफिकेसन तयार गरिनेछ।

**१६. यन्त्र हस्तान्तरणः**

यन्त्र हस्तान्तरण गर्दा देहायका विवरण अभिलेखमा राखिनेछ–

१. लाभग्राहीको नाम

२. ठेगाना

३. यन्त्रको नाम

४. क्षमता

५. सिरियल नम्बर

६. कुल लागत

७. अनुदान रकम

आवश्यक परेको हकमा माथी उल्लेखित विवरण अध्यावधिक गरिनेछ।

## परिच्छेद–८

**लाभग्राहीको दायित्व**

**१७. अनुदानग्राहीको जिम्मेवारीः**

अनुदान प्राप्त गर्ने लाभग्राहीले–

(क) प्राप्त कृषि यन्त्र तथा उपकरण कृषि प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ।

(ख) यन्त्रको उचित संरक्षण तथा नियमित मर्मतसम्भार गर्नुपर्नेछ।

(ग) गाउँपालिकाबाट हुने अनुगमन तथा निरीक्षणमा सहयोग गर्नुपर्नेछ।

(घ) उत्पादन, उत्पादकत्व, लागत, आय तथा यन्त्र प्रयोगसम्बन्धी विवरण माग भएमा उपलब्ध गराउनुपर्नेछ।

(ङ) यन्त्र बिक्री, दान, हस्तान्तरण वा अन्य प्रयोजनमा प्रयोग गर्न पाउने छैन।

(च) गलत विवरण पेश गरी अनुदान लिन पाउने छैन।

**१८. यन्त्र बिक्री तथा हस्तान्तरण गर्न नपाइनेः**

(१) यस कार्यक्रमबाट अनुदानमा प्राप्त कृषि यन्त्र तथा उपकरण हस्तान्तरण भएको मितिले कम्तीमा २ वर्षसम्म बिक्री, दान वा अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइने छैन।

(२) विशेष परिस्थितिमा यन्त्र हस्तान्तरण गर्नुपर्ने भए गाउँपालिकाको पूर्वस्वीकृति लिनुपर्नेछ।

(३) स्वीकृति नलिई यन्त्र बिक्री वा हस्तान्तरण गरेको पाइएमा अनुदान रकम प्रचलित कानूनबमोजिम असुल गरिनेछ।

**१९. दोहोरो अनुदान लिन नपाइने:**

(१) एउटै कृषि यन्त्र वा उपकरण खरिदका लागि संघ, प्रदेश, स्थानीय तह वा अन्य सरकारी निकायबाट अनुदान प्राप्त गरेको लाभग्राहीलाई यस कार्यक्रमबाट पुनः अनुदान उपलब्ध गराइने छैन।

(२) आवेदकले अन्य सरकारी निकायबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्नुपर्नेछ।

(३) दोहोरो अनुदान लिएको प्रमाणित भएमा अनुदान रकम सरकारी बाँकीसरह असुल गरिनेछ।

## परिच्छेद–९

## अनुदान रोक्का तथा असुली

**२०. अनुदान रकम असुल गर्न सकिने अवस्था:**

देहायको अवस्थामा अनुदान रकम पूर्ण वा आंशिक रूपमा असुल गर्न सकिनेछ–

(क) झुटो विवरण पेश गरेको प्रमाणित भएमा,

(ख) नक्कली कागजात पेश गरेमा,

(ग) दोहोरो अनुदान लिएको पाइएमा,

(घ) एकभन्दा बढी यन्त्रका लागि आवेदन दिएको पाइएमा,

(ङ) अनुदानमा प्राप्त यन्त्र बिक्री वा हस्तान्तरण गरेमा,

(च) यन्त्र कृषि प्रयोजनमा प्रयोग नगरेमा,

(ज) प्रचलित कानून विपरीत कार्य गरेको प्रमाणित भएमा।

## परिच्छेद–१०

## विविध

**२१. समन्वय:**

कार्यक्रम प्रभावकारी बनाउन गाउँपालिकाले संघीय सरकारका सम्बन्धित निकाय, प्रदेश सरकारका सम्बन्धित निकाय, कृषि विकास कार्यालय, कृषि विकास सम्बन्धी कार्यालय, कृषि व्यवसायी तथा अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्न सकिनेछ।

**२२. कार्यविधिको व्याख्याः**

यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै विषयमा द्विविधा भएमा गाउँ कार्यपालिकाले प्रचलित संघीय कानून, विशेष अनुदानसम्बन्धी कार्यविधि तथा स्वीकृत कार्यक्रमको उद्देश्यअनुकूल हुने गरी आवश्यक व्याख्या गर्न सकिनेछ।

**२३. बाधा अड्काउ फुकाउनेः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सकिनेछ।

**२४. प्रचलित कानूनबमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख नभएका विषयहरू नेपालको संविधान, विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानून, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी प्रचलित कानून तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

**२५. कार्यविधिको संशोधन तथा खारेजीः**

गाउँ कार्यपालिकाले आवश्यकता र अनुभवका आधारमा प्रचलित कानून तथा विशेष अनुदानसम्बन्धी संघीय कार्यविधिसँग नबाझिने गरी यस कार्यविधिमा संशोधन गर्न सकिनेछ। एक आर्थिक वर्ष तथा यस कार्यक्रमको समाप्ति पश्चात स्वत् कार्यविधि खारेज भएको मानिनेछ।

## अनुसूची - १

(दफा १० को उपदफा २ सँग सम्बन्धित)

## कृषि उपकरण तथा यान्त्रीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी जिवीकोपार्जन सुधार कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना

**सूचना । सूचना ।। सूचना ।।।**

यस बलेफी गाउँपालिकाको आर्थिक वर्ष ........................ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार.......................... अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी तथा फर्मबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ...................... दिनभित्र यस कार्यालयमा तपसिल अनुसारका कागजातहरू संलग्न राखी आवेदन सहित प्रस्ताव आह्वान गरिएको छ ।

**आवश्यक कागजातः**

१. निवेदन, जग्गाधनि प्रमाणपत्र, संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि

२. कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा कृषक समूहले कृषि उपकरण तथा यन्त्र माग गर्न समूहको निर्णयको प्रतिलिपि/सहकारीको हकमा सञ्चालक समितिको, अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि

३. कृषि उपकरण तथा यान्त्रीकरण कार्यक्रम गर्ने अनुसूची अनुसारको प्रतिवद्धता पत्र

४. सम्बन्धित वडाको सिफारिस पत्र

५. सहकारी र निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी

६. समुह, सहकारी र निजी फर्मको हकमा गत आ. व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण, उपलब्ध भएसम्म

७. सहकारी संस्थाको तर्फबाट कारोबारमा सहभागिताका लागि आधिकारिक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि

८. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि

९. प्रतिवद्धता पत्र

१०. अन्य आवश्यक कागजातहरू

## अनुसूची - २

(दफा १० को उपदफा ५ सँग सम्बन्धित)

**उपकरण तथा यान्त्रीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी जिवीकोपार्जन सुधार कार्यक्रमको लागि निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
गाउँ कार्यपालिकाको कार्यालय,
बलेफी गाउँपालिका, सिन्धुपाल्चोक।

**विषयः ५० प्रतिशत अनुदानमा कृषि यन्त्र/उपकरण उपलब्ध गराइदिनुहुन।**

महोदय,

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाबाट सञ्चालन हुने "कृषि उपकरण तथा यान्त्रीकरणमार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी जीविकोपार्जन सुधार कार्यक्रम" अन्तर्गत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न देहायको कृषि यन्त्र/उपकरण आवश्यक भएकोले पचास प्रतिशत अनुदान उपलब्ध गराइदिनुहुन यो निवेदन पेश गरेको छु/छौ।

**१. आवेदकको नामः** ....................................

**२. ठेगानाः** ................................................

**३. वडा नं.ः** ...............................................

**४. आवेदकको प्रकारः**

☐ कृषक

☐ कृषक समूह

☐ महिला समूह

☐ कृषि सहकारी

☐ कृषि उद्यमी

☐ कृषि फर्म

**५. कृषि क्षेत्रफलः** .....................................

**६. मुख्य कृषि उत्पादनः** ................................

**७. माग गरिएको एक मात्र यन्त्र/उपकरणः**

# अनुसूची - ३

## प्रतिबद्धता पत्र

बलेफी गाउँपालिकाको मिति ............................ को सूचना अनुसार ............................... .......................... कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको प्रतिवद्धता गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भई सम्बन्धित कार्यक्रममा तथा सम्बन्धित कार्यविधि बमोजिम भने गरेका कार्य प्रचलित कानून विपरित भए प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला । साथै म/हामीले यस कार्यक्रम अन्तर्गत लागत साझेदारीताको रकम बुझाउने, एउटा मात्र कृषि यन्त्र/उपकरणका लागि आवेदन दिएको र सोही आर्थिक वर्षमा यही प्रयोजनका लागि अन्य सरकारी निकायबाट दोहोरो अनुदान नलिएको घोषणा गर्दछु/गर्दछौं। गलत विवरण पेश गरेको प्रमाणित भएमा प्रचलित कानूनबमोजिम हुने कारबाही स्वीकार गर्दछु/गर्दछौं।

**आवेदकको तर्फबाट**

नामः

पदः

संस्थाको नामः छापः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

## अनुसूची - ४

(दफा १३ को उपदफा १ सँग सम्बन्धित)

| क्र.सं. | मूल्याङ्कनको आधार | पूर्णाङ्क |
|---|---|---|
| १ | कृषि व्यवसाय गरिरहेको अवस्था तथा अनुभव | २० |
| २ | माग गरिएको यन्त्र/उपकरणको वास्तविक आवश्यकता | २५ |
| ३ | खेती क्षेत्रफल वा कृषि व्यवसायको आकार | २० |
| ४ | यन्त्र प्रयोगबाट उत्पादन, उत्पादकत्व वा लागतमा सुधार हुने सम्भावना | २० |
| ५ | कृषक वा समूह/सहकारी, कृषि फर्म, महिला समूहको प्राथमिकता | १० |
| ६ | लागत साझेदारी गर्न सक्ने प्रतिबद्धता | ५ |
| **जम्मा** | | **१००** |

**आज्ञाले,**

**अर्जुन कुमार राउत**

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मिति: २०८३/०५/३०**